नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

## G 9 जातको केरा बिरुवाको सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

सूचना नं. २६/२०७९/८०

सूचना प्रकाशित मितिः २०७९/१२/१३

यस एकाइको चालु आ.व.२०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार नवलपरासी (ब.सु.प.) को केरा जोन प्रभाव क्षेत्रमा केराको क्षेत्रफल बिस्तार कार्यक्रमको लागि माग भएको टिस्युकल्चर प्रबिधिबाट उत्पादन भएको G 9 जातको केरा बिरुवाको मूल्य सूची उपलब्ध गराउन यस एकाइमा सूचिकृत भएका र सूचिकृत हुन चाहने G 9 जातको केराको बिरुवा आपुर्ति गर्ने आपुर्तिकर्ता नर्सरी/कम्पनी/टिस्युकल्चर प्रयोगशालाहरुले आ-आफ्नो संस्था सूचिकृत गरी यस परियोजनाको Website: piurupandehi.pmamp.gov.np बाट G 9 जातको केरा बिरुवाको मूल्य सूचि प्रस्ताव फारम डाउनलोड गरी तपशिल बमोजिमको आवश्यक कागजात तथा विधि सहित सूचना प्रकाशन भएको १५ दिन भित्र सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

<u>तपशिल</u>

१. सिलबन्दी मूल्य सूची प्रस्ताव सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र परियोजना कार्यान्वयन एकाई, रुपन्देही वा जोन प्राबिधिक एकाइ, नवलपरासी (ब.सु.प.) मा संस्था सूचिकृत गरीप्रस्ताव पेश गर्नु पर्नेछ ।

२. रित पूर्वक भरेको सिलबन्दी मूल्य सूची प्रस्ताव फारमको साथ फर्म/कम्पनीको दरभाउ-पत्र साथ फर्मको इजाजत पत्र प्रतिलिपि, प्यान प्रमाणपत्र प्रतिलिपि, २०७९/८० को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि, संचालकको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, गुणस्तरीयताको प्रमाणपत्र प्रतिलिपि, माउ बोटको नर्सरी, टिस्युकल्चर प्रयोगशालाको बिरुवा उत्पादन स्थलको रङ्गिन फोटो र बिरुवा उत्पादन र बिक्रि बितरण प्रगति प्रतिवेदन संलग्न राखी पेश गर्नु पर्नेछ।

३. G 9 जातको केरा बिरुवा आयत गरी आपुर्ति गर्ने आपुर्तिकर्ता नर्सरी/कम्पनी/टिस्युकल्चर प्रयोगशालाहरुले बीउ विजनगुणस्तर तथा नियन्त्रण केन्द्रबाट प्राप्त आयात अनुमतिपत्र तथा क्वारेन्टिनसँग सम्बन्धी सम्पूर्ण कागजातहरु पेश गर्नु पर्नेछ।

४. G 9 जातको केराको बिरुवाको तपशिल अनुसारका स्पेशिफिकेशनमा मात्र बिरुवा उपलब्ध गराउनु पर्नेछ।

तपशिलः

- राम्रोसँग कडा बनाइएको बिरुवाको न्यूनतम उचाइ ३० सेन्टिमिटर हुनुपर्छ र कडा भएको ४५-६० दिनपछि त्यसको pseudostem को परिधि ५ देखि ६ से.मी. को हुनुपर्छ।
- बिरुवाको कम्तीमा ५ वटा Photosynthetic रूपमा सक्रिय पातहरू हुनुपर्छ र अन्तर पातहरू ५.० सेन्टिमिटरको दुरी भन्दा कम हुनु हुँदैन।
- बिरुवाको Secondary hardening को अवस्थाको अन्त्य सम्ममा करिब २५-३० वटा सक्रिय जराहरू हुनुपर्छ।
- सक्रिय जराहरूको लम्बाइ १५ से. मी. भन्दा बढी हुनुपर्छ र साहयक जराको राम्रो विकास भएको हुनुपर्छ।
- विरुवा भएको Poly bag मा ३/४ भाग Potting media ले भरिएको हुनुपर्छ।
- मिडिया/पोटिंग (Potting) मिश्रणको वजन (Dry weight को आधारमा लगभग ७५०-८०० ग्राम हुनुपर्छ। ।
- बिरुवाहरूमा leaf spot, pseudo stem rot र physical deformations जस्ता कुनै पनि लक्षणको दृश्य देखिनु हुदैन।
- बिरुवाको जरामा रोग/परजीवीहरू जस्तैः Erwina rot, nematode lesions र knot knots को संक्रमणबाट मुक्त रहेको हुनुपर्छ। खरिदको समयमा जराहरूको छनोट (Ramdom Sampling) गरेर जाँच गर्नु धेरै आवश्यक छ।
- असामान्य वृद्धि नदेखाएको विरुवाहरु मात्र हुनुपर्नेछ।

५. प्राप्त दरभाउको मूल्य सूचिको तुलनात्मक अध्ययन विश्लेषण गरी न्यूनतम मूल्यमा अनुदान प्रवाह हुने गरी यस परियोजनाको स्वीकृत अनुदानग्राही मार्फत सूचिकृत भएका केरा बिरुवा आपुर्ति गर्ने आपुर्तिकर्ता नर्सरी/कम्पनी/टिस्युकल्चर प्रयोगशालाहरुले विरुवा खरीद प्रक्रिया अगाडी बढाउने गरी अनुदानग्राहीसँग सम्झौता गरिनेछ र सोही अनुसार यस एकाइमा सूचिकृत भएका आपुर्तिकर्ता नर्सरी कम्पनीले मात्र अनुदानग्राहीहरुसँग सम्झौता गरी कार्यक्रम संचालन गर्न सक्नेछन्।

नोटः माथि उल्लेखित विवरणहरु अपुग हुने गरी पेश भएका सिलबन्दी मूल्य सूची प्रस्तावहरु स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन।

थप जानकारीको लागि परियोजनाको Website:piurupandehi.pmamp.gov.npफोन नं. ०७१५७०२०१,०७१५७०९१७, ९८५७०१६९१७,९८५७०१७३८१,९८६७१५५६७४ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।